# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष:४२ २०६६ साउन अङ्क :१


## 'सिनासले आफ्नो ख्याति पुनर्स्थापना गर्नसक्नु पर्छ'



**संस्कृति मन्त्री डा. मिनेन्द्र रिजाल सिनासको ३७औं वार्षिकोत्सवको उपलक्ष्यमा सिनासका कर्मचारीलाई सम्मान गर्नुहुँदै ।**
*(तस्वीरः त्रि.वि. सूचना शाखा)*

काठमाडौं । संघीय मामिला, संविधानसभा तथा संसदीय व्यवस्था र संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालले नेपाल र एसियाली अनुसन्धान केन्द्र (सिनास)को ३७औं वार्षिकोत्सवको उपलक्ष्यमा साउन १ गते केन्द्रमा आयोजित समारोहको उद्घाटन गर्नुभयो ।

सो समारोहलाई सम्बोधन गर्दै मन्त्री डा. रिजालले सिनासले आफ्नो स्थापनाको ३७ वर्षमा अनेक उतार चढाव झेलिसकेको र विगतमा यो केन्द्रले प्राप्त गरेको महत्त्व र ख्यातिलाई पुनर्स्थापना गर्नसक्नु पर्ने बताउनुभयो ।

सिनासजस्तो अनुसन्धान केन्द्रले अनुसन्धान क्षेत्रमा बलियोरूपमा प्रस्तुत हुन सके यसको औचित्यमा कसैले कहिले पनि प्रश्न उठाउन नसकिने धारणा राख्दै उहाँले भूगोलमा नेपाल राष्ट्रको रूपमा स्थापित हुनुमा विगतका शासकहरूको मात्र देन होइन यस देशका भाषा, संस्कृति, जाति, परम्पराआदिको पनि योगदान रहेकाले यस विषयका गहन अध्ययन अनुसन्धान हुनु जरुरी छ भन्नुभयो ।

लुम्बिनी विश्वविद्यालयका उपकुलपति प्रा.डा. तुल्सीराम वैद्यले त्रि.वि.का विभिन्न क्याम्पसमा सेवारत शिक्षकहरू र अनुसन्धान केन्द्रका शिक्षकहरूबीच समन्वयको अभाव रहेको बताँउदै अनुसन्धान केन्द्रका शिक्षकहरूले क्याम्पसमा गई पढाउनु पर्छ र क्याम्पसका शिक्षकहरू पनि अनुसन्धान केन्द्रमा गई अनुसन्धानमा संलग्न हुनुपर्छ भन्नुभयो ।

त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले त्रि.वि.का अनुसन्धान केन्द्रहरू आवश्यक बजेटको अभावमा अनुसन्धान गतिविधि संचालनमा लगातार पछाडि पर्दै गइरहेको भन्ने गुनासो सम्बन्धमा बोल्दै अनुसन्धान केन्द्रहरूले अनुसन्धान परियोजनाहरू आफै खोजेर संचालन गरेमा त्यसबाट हुने आयबाटै केन्द्रहरू आर्थिकरूपले आत्मनिर्भर हुनसक्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सिनासका कार्यकारी निर्देशक प्रा.डा. यज्ञप्रसाद अधिकारीले सिनासले अल्पकालीन र दीर्घकालीन अनुसन्धान कार्यक्रमहरू बनाएको भए तापनि त्रि.वि.ले अनुसन्धान शीर्षकको बजेट कटौती गरेको कारण अनुसन्धान कार्यक्रमले प्रगति हासिल गर्न नसकेको बताउँदै अनुसन्धान केन्द्रहरूलाई स्वायत्ततामा लग्ने तर्फ त्रि.वि. गम्भीररूपमा लाग्नु आवश्यक भइसकेको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा.तीर्थ खनियाले अनुसन्धान केन्द्रहरूको भूमिका र सक्रियता जति बढ्छ त्यति नै देशले फाइदा लिन सकिने बताउँदै अनुसन्धान केन्द्रहरूमा प्राज्ञ र अनुसन्धानकर्ताहरू संलग्न रहने हुनाले यस्तो स्थानमा आर्थिक अभाव हुन दिन नहुने र मुलुकले पनि प्राज्ञहरूको बौद्धिक ज्ञान र क्षमताको समुचित उपयोग गर्न सक्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्याय, प्रजातन्त्रवादी प्राध्यापक संघका सभापति कुलप्रसाद कोइराला, कर्मचारी संघ सिनास एकाइका सभापति चूडा बडाल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक बाबुराम श्रेष्ठले शुभकामना मन्तव्य दिनुभएको थियो ।

सिनासका कार्यकारी निर्देशक प्रा.डा. अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको प्रारम्भमा सिनासका डा. रमेश ढुंगेलले स्वागत मन्तव्य दिनुभएको थियो ।

## सम्पादकीय

# प्रमाणपत्र तह हटाउन सहयोगको अपेक्षा

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले आगामी १० वर्षभित्र त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह क्रमशः हटाई माध्यमिक शिक्षामा गाभिने स्पष्ट राय दिएको छ। त्यस्तै शिक्षासम्बन्धी उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले कक्षा १२ लाई माध्यमिक तहको अन्तिम परीक्षाको रूपमा लिने र ३ वर्षे आन्तरिक योजना (२०६४-२०६७) ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा तोकेको छ। यी भए सरकारको शिक्षा नीति। देशको शिक्षा नीतिअनुरुप चल्नु त्रिभुवन विश्वविद्यालयको कर्तव्य हो । अतः त्रिभुवन विश्वविद्यालयबाट शैक्षिक सत्र २०६६/०६७ देखि प्रवीणता प्रमाणपत्र तह हटाउने सिलसिलामा शैक्षिक सत्र २०६५/०६६ को भर्ना समयमा नै शिक्षा मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद् र विभिन्न विद्यार्थी संगठनहरूबीच समझदारी भएको थियो। त्यसै आधारमा शिक्षा मन्त्रालयले २०६४ को साउन महिनामै उच्च माध्यमिक शिक्षा परिषद्लाई प्रभावकारी रूपमा कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशन समेत दिएको थियो।

त्रिभुवन विश्वविद्यालयले शैक्षिक सत्र २०६५/०६६ को भर्नासम्बन्धी मिति २०६५ साउन ५ गतेको सार्वजनिक सूचनामा पनि आगामी वर्षका लागि ११ र १२ कक्षामा सर्वसुलभ तरिकाले विद्यार्थीहरूले पढन पाउने व्यवस्थाका लागि शिक्षा मन्त्रालयले सम्बन्धित निकायलाई निर्देशनसमेत दिइसकेकोले त्यस वर्षका लागि मात्र प्रमाणपत्र तहमा भर्ना खोलिएको उल्लेख गरेको थियो। यसै आधारमा त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्को २०६६ असार २१ गतेको बैठकले विश्वविद्यालयले चालू शैक्षिक वर्ष २०६६/०६७ देखि प्रवीणता प्रमाणपत्र तहमा भर्ना नलिने निर्णय गरेको र सोको जानकारी शिक्षा मन्त्रालय र सम्बन्धित पक्षलाई पनि दिएको थियो।

त्रिभुवन विश्वविद्यालयले यस शैक्षिक वर्ष २०६६/०६७ देखि प्रवीणता प्रमाणपत्र तहमा भर्ना नलिने निर्णय सार्वजनिक भएपछि विभिन्न विद्यार्थी संगठनहरूले त्रि.वि.को यो निर्णय पूर्वाग्रही र गरिव विद्यार्थीको भविष्यमाथि खेलवाद भएको भन्दै विरोध प्रकट गरे र विभिन्न चरणको आन्दोलन घोषणा गरे। सोही कुरालाई ध्यानमा राखेर शिक्षा मन्त्रालयले एक उच्चस्तरीय कार्य समूह गठन गरी अध्ययन प्रतिवेदन तयार गर्न लगायो। उक्त प्रतिवेदनमा त्रि.वि.को निर्णय कार्यान्वयन हुन सक्ने पर्याप्त आधार र सुझावहरू समेत प्रस्तुत गरिएको भए तापनि २०६६ साउन २८ गते शिक्षा मन्त्रालयद्वारा गठित वार्ता टोली र विभिन्न विद्यार्थी संगठनहरूबीच भएको छलफलका आधारमा चालू शैक्षिक वर्ष २०६६/०६७ को प्रवीणता प्रमाणपत्रको भर्ना खोल्न शिक्षा मन्त्रालयले त्रिभुवन विश्वविद्यालयलाई अनुरोध गरेको छ।

विद्यार्थीहरूको दबाबमा प्रमाणपत्र तहमा खोल्न लागिएको यो भर्नाले विद्यार्थीहरूको जित भएको भनिए तापनि विभिन्न शैक्षिक कारणले विद्यार्थीहरूलाई नै नोक्सान पर्ने देखिएको छ। विश्वविद्यालयको कार्यक्रमबाट हट्न लागेकोले यसको पाठ्यक्रम समय सापेक्ष सुधार नगरिएको लगभग तीन दशक भइसकेको छ। यसरी तीन दशक पुरानो पाठ्यक्रम अध्ययन गर्नु परिरहेकोले उच्चमाध्यमिक तह (१० जोड २) अध्ययन गर्ने विद्यार्थीहरू भन्दा प्रवीणता प्रमाणपत्र तह अध्ययन गर्ने विद्यार्थीहरूको गुणस्तर खस्किएको छ। स्नातक तह र सो भन्दा माथिल्ला तहको पाठ्यक्रम परिमार्जन भइसकेको कारण प्रमाणपत्र तहको पाठ्यक्रम माथिल्लो तहसँग तालमेल नभई प्रमाणपत्र तह उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई उच्च अध्ययनमा गाह्रो पर्ने गरेको छ।

यसैगरी विदेशी विश्वविद्यालयहरूले पनि प्रवीणता प्रमाणपत्र तहलाई स्कूलको ११ र १२ कक्षामा गाभिई सकेकाले त्रि.वि.बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी विदेशी विश्वविद्यालयमा अध्ययन गर्न जाने विद्यार्थीहरूले आफ्नो प्रमाणपत्र पेश गर्दा यो त स्कूल शिक्षा हो विश्वविद्यालयमा कसरी पढाइयो भनि प्रतिक्रिया दिने गरेकाले विदेश जाने विद्यार्थीहरू अलमलमा परेको दृष्टान्त पनि पाइन्छ।

त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह हटाउनेसम्बन्धी निर्णय करिब १५ वर्ष पहिले भएको हो। त्रि.वि.का वर्तमान पदाधिकारीहरूले आफैले निर्णय गरेर सो तह हटाउन लागेका होइनन्। विगतको निर्णयलाई कार्यान्वयन मात्र गर्न लागेका हुन्। यसै क्रममा शिक्षा मन्त्रालयको अनुरोधअनुसार त्रि.वि.ले चालू शैक्षिक वर्ष २०६६/०६७ को लागि मात्र अन्तिम पटक प्रवीणता प्रमाणपत्र तहमा भर्ना लिन लागेको छ। अब शिक्षा मन्त्रालयले प्रवेशिका परीक्षा उत्तीर्ण विद्यार्थीहरूलाई उच्चमाध्यमिक विद्यालयहरूमा सहज र सुविधायुक्त तवरमा अध्ययनको व्यवस्थाका लागि समयमा नै उच्च माध्यमिक शिक्षा परिषद्लाई सक्रिय पार्ने र विद्यार्थी संगठनहरूले पनि शिक्षा मन्त्रालय र उच्च माध्यमिक शिक्षा परिषद्लगायतका सम्बन्धित निकायहरूलाई घचघच्याएर प्रमाणपत्र तहलाई विश्वविद्यालयबाट हटाउन वातावरण मिलाउने अपेक्षा त्रि.वि.ले. राखेको छ।

# प्राकृतिक विज्ञान संग्रहालयको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । वन तथा भूसंरक्षण मन्त्री दीपक बोहराले त्रि.वि. प्राकृतिक विज्ञान संग्रहालयको ३४औं वार्षिकोत्सव समारोहको साउन २८ गते उद्घाटन गर्नुभयो ।



**वन तथा भूसंरक्षण मन्त्री दीपक बोहरा त्रि.वि. प्राकृतिक विज्ञान संग्रहालयको ३४औं वार्षिकोत्सवको क्रममा संग्रहालयद्वारा प्रकाशित विभिन्न जीवजन्तुको तस्वीर सार्वजनिक गर्नुहुँदै ।** *(तस्वीरः त्रि.वि.सूचना शाखा)*

स्वयम्भूस्थित संग्रहालयको प्राङ्गणमा आयोजित सो समारोहलाई सम्बोधन गर्दै मन्त्री बोहराले नेपालको जैविक विविधता विश्वकै लागि नमुना भए तापनि हाम्रो देश यसको समुचित रूपमा संरक्षण र विकास गर्ने तर्फ पछाडि परेको सन्दर्भमा यस संग्रहालयले गरिरहेको काम प्रशंसनीय छ र यसलाई अझ अगाडि बढाउन सबै लाग्नु पर्छ भन्नुभयो ।

संग्रहालयलाई पशु, पक्षी, जीव जन्तुका नमुनाहरू संकलनलाई सजिलो पार्न कुनै कानुनको आवश्यकता छ भने मन्त्रालय सहयोग गर्न तयार भएको बताउँदै उहाँले यस क्षेत्रका अनुसन्धानकर्ताहरूले पत्ता लगाएका कुराहरूलाई यदि व्यापारिक प्रयोजनमा लगाउनु परेमा त्यसको पेटेन्ट राइट अनुसन्धानकर्ताहरूमै निहित हुनुपर्ने र यसका लागि पनि कुनै नियम परिवर्तन गर्नुपर्ने हुन्छ भने सरकार त्यसमा पनि सहयोग गर्न तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा त्रि.वि. विज्ञान र प्रविधि अध्ययन संस्थानका निमित्त डीन डा. मदन कोइरालाले विश्वमै नेपाल जैविक विविधताको एक वेजोड भूभाग भएकाले हामीले यसको संरक्षण र सम्बर्द्धन गर्दै आर्थिक लाभसमेत लिन सक्नुपर्ने बताउँदै यसै सिलसिलामा वागमती-विष्णुमती भित्रका सभ्यता जोगाउनका लागि पनि हामी जागरुक हुनुपर्ने बताउनुभयो ।

समारोहमा संग्रहालय प्रमुख प्रा.डा. केशव श्रेष्ठले संग्रहालयमा राखिएका सबै वन्य सम्पदाहरू वनकै उपज मृत जैविक वस्तुका नमुना रहेको बताउँदै यस संग्रहालयलाई पनि सदर चिडियाखानाको जस्तो व्यवस्थामा लगे अझ राष्ट्रलाई फाइदा हुने बताउनुभयो ।

प्राकृतिक विज्ञान संग्रहालय विद्यार्थीबीच निक्कै लोकप्रिय भए तापनि उचित भवनको अभावले सम्पदालाई समुचित ढंगले सजाउन र वैज्ञानिक स्वरुप दिन नसकिरहेको बताउँदै उहाँले कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालयले यस संग्रहालयलाई उपलब्ध गराएको करिब दुई सय रोपनी जमीनमा राष्ट्र सुहाउँदो अन्तर्राष्ट्रिय स्तरकै संरचना बनाउन संग्रहालय प्रशासन प्रयत्नशील रहेको र यस कार्यमा नेपाल सरकारको वन कार्यालय, वन विभाग, राष्ट्रिय निकुञ्जका साथै विश्व वन्यजन्तु कोष, नेपाल प्रकृति संरक्षण कोष सबैको सहयोग अपेक्षित छ भन्नुभयो ।

त्रि.वि. प्राणीशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. वसन्तकुमार थापाले नेपालमा पाइने असंख्य जीव, जन्तुमध्ये केही नमुनामात्र उक्त संग्रहालयमा संग्रहित रहेको बताउँदै यसप्रकारको संग्रहालयमा नेपालकै एक मात्र यस संग्रहालयलाई अझ विस्तार गर्न सरकारले आवश्यक सहयोग गर्नुपर्ने बताउनुभयो ।

यसैगरी त्रि.वि. वनस्पतिशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णकुमार श्रेष्ठले त्रि.वि.को उक्त संग्रहालयमा हालसम्म संकलित नमुनाहरू देशकै बेजोड सम्पत्ति भए तापनि संग्रहालयको कार्यलाई बढावा दिन न त त्रि.वि.ले नै सकेको छ न त सरकारले नै सकेको छ भन्दै विदेशमा यसप्रकारका संग्रहालयलाई राष्ट्रिय स्तरमै ध्यान दिइ विकास गर्ने गरिएको स्मरण गराउनुभयो ।

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिँदै संग्रहालयका सहप्राध्यापक श्रीमती पुष्पकेशरी श्रेष्ठले २०३२ सालमा साइन्स सेन्टरको रूपमा विभिन्न प्रजातिका पुतली तथा वनस्पतिका लगभग दुई हजार नमुना संकलन गरी शुरू गरिएको यस संग्रहालयमा अहिले ६० हजारभन्दा बढी नमुना संकलन भइसकेको बताउनुभयो । कार्यक्रमको अन्त्यमा संग्रहालयका उपप्राध्यापक डा. इशान गौतमले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सो समारोहको क्रममा मन्त्री दीपक बोहराले संग्रहालय प्राङ्गणमा वृक्षरोपण गर्नुका साथै संग्रहालयका विभिन्न प्रकाशनको विमोचन र वेबसाइटको शुभारम्भ गर्नुभएको थियो ।

# नेपाल प्राध्यापक संघको ४७ औं वार्षिक दिवस सम्पन्न

काठमाडौं । नेपाल प्राध्यापक संघको ४७ औं वार्षिक दिवस साउन २७, २८ र २९ गते तीन दिन विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ । यसै उपलक्ष्यमा साउन २८ गते त्रिचन्द्र क्याम्पस घण्टाघरको प्राङ्गणमा एक समारोह आयोजना गरिएको थियो ।

समारोहमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले प्रमुख अतिथिको आसनबाट बोल्दै नेपाल प्राध्यापक संघ सम्पूर्ण प्राध्यापकहरूको आस्थाको धरोहर मात्र होइन नेपालको लोकतन्त्र, प्राज्ञिक स्वतन्त्रता र विश्वविद्यालयको स्वायत्तताको निम्ति सधैं संघर्षरत नेपालको सशक्त बौद्धिक संगठन पनि हो भन्नुभयो ।

उहाँले नेपाल प्राध्यापक संघको संस्थागत विकासका लागि त्रिभुवन विश्वविद्यालय हरकिसिमको सहयोग गर्न तत्पर रहेको पनि बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजङ्ग कार्कीले नेपाल प्राध्यापक संघ नेपालका सम्पूर्ण विश्वविद्यालय प्राध्यापक संघहरूका छाता संघ भएकाले यसको सफलता र असफलतामा सबै प्राध्यापक संघहरू तथा समग्रमा सम्पूर्ण प्राध्यापकहरूको अस्तित्व गाँसिएको हुनाले यसको समयानुकूल विकास गराउन सबैको सहयोग प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

सोही अवसरमा त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारी, प्रजातन्त्रवादी प्राध्यापक संघका अध्यक्ष प्रा.डा.कुलप्रसाद कोइराला, प्रगतिशील प्राध्यापक संगठनका उपसभापति इन्दिरा श्रेष्ठ, नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघका सभापति प्रेमकुमार आचार्य, त्रि.वि.प्राध्यापक संघका कोषाध्यक्ष जया पाठक, त्रिचन्द्र क्याम्पस एकाई समितिका सभापति डा. हरि थपलियालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

सभापतिको आसनबाट बोल्दै नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायले त्रिभुवन विश्वविद्यालयलगायत नेपालका विश्वविद्यालयहरूका प्राध्यापक तथा कर्मचारीहरूको संचयकोष, पेन्सन कोष, विदाको रकम, औषधोपचार कोष र अन्य सुविधाहरूको सन्दर्भमा विभिन्न टीका टिप्पणी मात्र भएको होइन विश्वविद्यालयको आर्थिक, भौतिक, प्राज्ञिक, शैक्षिक कुरामा समेत प्रश्नचिन्ह खडा भइरहेको वर्तमान अवस्थामा सोको यथार्थ स्थिति जानकारी गराउन विश्वविद्यालयले अविलम्ब श्वेतपत्र जारी गर्नु पर्दछ भन्नुभयो ।

नेपाल प्राध्यापक संघका केन्द्रीय सदस्य रमेशकुमार शर्माले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रमको प्रारम्भमा झण्डोत्तोलन गरिएको थियो ।

***विचार गोष्ठी आयोजना:*** ३ दिन मनाइएको संघको वार्षिक दिवस कार्यक्रमको पहिलो दिन साउन २७ गते 'विश्वविद्यालयको आर्थिक स्थिति र भविष्य' विषयक विचार गोष्ठी आयोजना गरिएको थियो । पद्मकन्या क्याम्पसको डेनिस हलमा भएको सो गोष्ठीमा डा. चन्द्रलाल श्रेष्ठले उक्त विषयमा कार्यपत्र प्रस्तुत गर्दै आर्थिक अवस्थाले जर्जर भएको विश्वविद्यालयलाई कसरी मजबूत गराउन सकिन्छ भन्नेबारेमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यपत्रमाथि टिप्पणी गर्दै राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. तीर्थराज खनियाले उच्च शिक्षा एक हातमा गुणस्तर र अर्को हातमा पैसा बोक्ने संस्था भएको बताउनुभयो भने प्रा.डा. पराशर कोइरालाले क्याम्पसमा भागबण्डा गर्नु नहुने बताउनु भयो । यसैगरी प्रा.डा. महेश दाहालले त्रि.वि.मा भएको राजनीतिकरण अन्त्य हुनुपर्ने बताउनु भयो ।

सो अवसरमा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. कमलकृष्ण जोशीले त्रिभुवन विश्वविद्यालय आर्थिक रूपमा कमजोर भइसकेको अवस्थामा त्रि.वि.का पदाधिकारीहरू विश्वविद्यालयको हितका खातिर गम्भीरतापूर्वक लाग्न आवश्यक भइसकेको बताउँदै त्रि.वि.मा वैज्ञानिक सुशासन हुनुपर्नेमा जोडदिनु भयो ।

त्यस्तै प्रजातन्त्रवादी प्राध्यापक संघ नेपालका अध्यक्ष प्रा.डा. कुलप्रसाद कोइराला, प्रगतिशील प्राध्यापक संगठनका उप सभापति इन्दिरा श्रेष्ठ, नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघका सभापति प्रेमकुमार आचार्य, त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघका कोषाध्यक्ष जया पाठकले विश्वविद्यालयको आर्थिक स्थितिको बारेमा आ-आफ्नो दृष्टिकोण राख्नुभएको थियो ।

विचारगोष्ठीमा सहभागी अन्य प्राध्यापकहरूले पनि वि.वि.को आर्थिक उन्नयनका सम्बन्धमा आ-आफ्ना दृष्टिकोण राख्नुभएको थियो । यसरी दृष्टिकोण राख्नेहरूमा नेपाल प्राध्यापक संघका पूर्व महासचिव गुणनिधि न्यौपाने, डा. प्रेम अर्याल, प्रा.डा. उमाकान्त सिलवाल, प्रा.डा. हरिप्रसाद गौतम, प्रा.डा. शम्भु खनाल, रविन्द्र भट्टराई, प्रा.डा. सन्तोषराम पौडेल, रतिश झालगायत हुनुहुन्थ्यो ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायले त्रि.वि.को आर्थिक संकटले प्राध्यापकहरूको पेशागत हक हितलाई असर त अवश्यै पार्ने छ त्यो भन्दा पनि देशको शैक्षिक अवस्थालाई समेत कमजोर पार्ने बताउनुभयो ।

कार्यक्रमको प्रारम्भमा नेपाल प्राध्यापक संघका केन्द्रीय सदस्य रमेशकुमार शर्माले स्वागत मन्तव्य दिनुभएको थियो भने अन्त्यमा संघका केन्द्रीय सदस्य प्रा. चिरञ्जीवी शर्माले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

***प्रतिमामा माल्यार्पण:*** यसैगरी संघको वार्षिक दिवसको उपलक्षमा साउन २९ गते कीर्तिपुरस्थित प्राध्यापक अतिथि गृह नेपाल प्राध्यापक संघका पूर्व अध्यक्ष प्रा. वासुदेवचन्द्र मल्लको प्रतिमामा माल्यार्पण गरिएको थियो ।

सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजङ्ग कार्कीको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति विदुर पौडेल, त्रि.वि.का रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीलगायतले स्व. वासुदेवचन्द्र मल्लको योगदानको चर्चा गर्नुभएको थियो।

संघका महासचिव रामेश्वर उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा प्र.प्रा. संघका अध्यक्ष प्रा.डा. कुलप्रसाद कोइराला, ने.सं.वि. प्रा. संघका सभापति प्रेमकुमार आचार्य, राष्ट्रिय योजना आयोगका सदस्य आर.डी. सिंहले पनि बोल्नुभएको थियो । ने.प्रा. संघका केन्द्रीय सदस्य रमेशकुमार शर्माले कार्यक्रममा स्वागत मन्तव्य दिनुभएको थियो ।

# सूचना र ज्ञानसम्बन्धी गोष्ठी आयोजना

ललितपुर । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले सूचना र ज्ञान व्यवस्थापन क्षेत्रमा धेरै लगानी गरेको हुँदा चीन, भारत, ब्राजिलजस्ता धेरै देशहरू अहिले अगाडि बढेको बताउनुभएको छ ।



**त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य पुल्चोक क्याम्पसमा आयोजित सूचना र ज्ञानको व्यवस्थापनसम्बन्धी एक दिने कार्यशाला गोष्ठीलाई सम्बोधन गर्नुहुँदै ।** *(तस्वीरः त्रि.वि.सूचना शाखा)*

उक्त कुरा उहाँले त्रि.वि. केन्द्रीय पुस्तकालय, त्रि.वि. इलेक्ट्रोनिक एन्ड कम्प्युटर इन्जिनीयरिङ विभाग र हेल्थनेट नेपालको संयुक्त आयोजनामा पुल्चोक क्याम्पसमा साउन ९ गते आयोजित सूचना र ज्ञानको व्यवस्थापनसम्बन्धी एक दिने कार्यशाला गोष्ठीमा प्रमुख अतिथिको आसनबाट बोल्दै बताउनुभएको हो ।

शिक्षाध्यक्ष प्रा.डा. अमात्यले विश्वमा अत्यन्त छिटो छिटो विकासको फड्को मारिरहेको सूचना र प्रविधि क्षेत्रमा हाम्रो देशमा पनि दक्ष जनशक्तिको कमी नभएको चर्चा गर्दै यस क्षेत्रमा नेपालले पनि लगानी बढाइ फाइदा उठाउनु आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा हेल्थनेट नेपालसँग आबद्ध एवं त्रि.वि. पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका सह प्राध्यापक डा. मोहनराज प्रधानले नेपालमा सूचना प्रविधि क्षेत्र धेरै पछि परेको र लाइब्रेरियनहरूले यसको प्रयोग गर्न नसकेको बताउँदै विश्व परिप्रेक्ष्यमा नेपालमा लाइब्रेरीको अवस्थाबारे जानकारी गराउन पनि कार्यशाला गोष्ठी आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले नेपालमा पुस्तकालय सम्बन्धमा नीति नभएको बताउँदै उपत्यकाबाहिरका क्याम्पसहरू जहाँ स्नातकोत्तर तह सम्मको पढाई भए तापनि इन्टरनेटको पहुँच नपुगेको हुँदा त्यस्ता क्याम्पसहरूमा इन्टरनेटको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

इन्जिनीयरिङ अध्ययन संस्थानका डीन बाबुराम भट्टराईले सूचना र प्रविधि क्षेत्रमा चीन र भारतले गरेको प्रगतिबाट हामीलाई फाइदा हुन सक्ने बताउँदै यसका लागि आपसी सहयोग र लगानी बढाउनु पर्ने, नीति निर्माणको विकास हुनुपर्ने र सो गर्न नसकेमा सोचे जस्तो यसबाट फाइदा र यसको विकास सम्भव नभएको समेत बताउनुभयो ।

कार्यक्रममा पुल्चोक क्याम्पसका प्रमुख दुर्गाप्रसाद संग्रौला, प्रा.डा. शशिधर राम जोशी, केन्द्रीय पुस्तकालयका पूर्व प्रमुख शान्ति मिश्र, केन्द्रीय पुस्तकालयका सानुमाया दली, नारायण मिश्रलगायतले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीको क्रममा सूचना प्रविधिको विकास एवं नेपालका डिजिटल लाइब्रेरी र यसका प्रयोग एवं विकास सम्बन्धमा सहभागीहरूबीच छलफल भएको थियो ।

# महेन्द्र विन्देश्वरी क्याम्पस ५३औं वर्षमा प्रवेश

राजविराज । सप्तरीको राजविराजस्थित श्री महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस स्थापनाको ५३औं.वर्ष पुगेको अवसरमा क्याम्पसमा साउन १६ गते एक समारोहको आयोजना गरी क्याम्पस दिवस मनाइएको छ ।

क्याम्पस हातामा निर्मित दाता स्व. विन्देश्वरीप्रसाद यादवको प्रतिमामा माल्यार्पण गरी प्रारम्भ गरिएको सो समारोहमा क्याम्पस प्रमुख देवीदत्त साहले क्याम्पसको भावी कार्यक्रमबारे प्रतिवेदन प्रस्तुत गर्दै दाता स्व. यादवले २०१३ सालमा प्रदान गर्नुभएको ११७ बिघा १७ कट्ठा ६ धुर जग्गा र नगद १० हजार रुपियाँबाट निर्माण गरी २०१४ सालदेखि संचालन भएको यस क्याम्पसमा शैक्षिक सत्र ०६५।०६६मा २ हजार ४३ जना विद्यार्थी भर्ना भएको र यो संख्या त्यसको अघिल्लो शैक्षिक सत्रको तुलनामा बढी भएको जानकारी दिनुभयो ।

सहायक क्याम्पस प्रमुख देवनारायण चौधरी, प्राध्यापक संघ क्याम्पस एकाइका सभापति देवनारायण यादव, एकाइ सचिव पंचदेव यादवलगायतले बोल्नुभएको सो कार्यक्रममा क्याम्पसमा २० वर्षदेखि अटुट सेवा गर्ने ४ जना शिक्षकलाई दीर्घसेवा र क्याम्पसमा राम्रो काम गरेवापत एक-एक शिक्षक र कर्मचारीलाई पदक र प्रमाणपत्रका साथै उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार समेत प्रदान गरिएको थियो ।

## त्रि.वि. ऐन वेबसाइटमा

नेपाल कानुन आयोगले त्रिभुवन विश्वविद्यालय ऐनलगायत नेपालको अन्तरिम संविधान २०६३ र अन्य विभिन्न १३१ वटा ऐन निम्न वेबसाइटमा राखेको छ।

WWW.lawcommission.gov.np

# कमर्स क्याम्पसको ४६औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । नेपाल कमर्स क्याम्पस, मीनभवनको ४६औं वार्षिक दिवस जेठ २१ गते एक समारोह आयोजना गरी मनाइएको छ ।

त्रि.वि.को स्वर्ण जयन्तीको पनि अवसर पारेर आयोजना गरिएको सो समारोहलाई सम्बोधन गर्दै त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले नेपाल कमर्स क्याम्पसले प्रवीणता प्रमाणपत्र तह हटाएर स्नातक तहदेखिको पढाइमा ध्यान केन्द्रीत गरेपछि नेपालमा यस क्याम्पसले राम्रो स्थान लिन सफलता पाएकोमा क्याम्पसलाई बधाइ ज्ञापन गनुभयो ।

चिकित्साशास्त्र र इन्जिनीयरिङ अध्ययन संस्थानहरू अन्तर्गतका ओभरसीयर, नसिंडलगायतका विषयमा केही वर्ष अझै पनि प्रमाणपत्र तहको पढाइ जारी रहने बताउँदै उहाँले त्रि.वि.ले अब अन्य विषयमा प्रमाणपत्र तह हटाउँदै जाने जानकारी दिनुभयो ।

क्याम्पस प्रमुख दिवाकर पोखरेलको सभापतित्वमा भएको सो कार्यक्रममा सहायक क्याम्पस प्रमुख महेन्द्र पाण्डे, नेपाल प्राध्यापक संघका सभापति रामेश्वर उपाध्याय, त्रि.वि. प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मी, प्राध्यापक संघ क्याम्पस एकाइका सभापति देवेन्द्र देवकोटा, त्रि.वि. कर्मचारी संघका तत्कालीन अध्यक्ष शम्भुप्रसाद भट्टराई, कर्मचारी संघ क्याम्पस एकाइका सभापति विष्णु घिमिरे, क्याम्पस स्ववियु सभापति तुलसीराम मैनाली, अखिल क्रान्तिकारी, नेविसंघ र अनेरास्ववियु क्याम्पस एकाइका सभापतिहरू क्रमशः पूर्ण बस्नेत, ओमजंग रावल र द्वारिकाप्रसाद न्यौपानेलगायतले मन्तव्य राख्नुभएको थियो ।

क्याम्पसमा अटुटरूपमा लामो सेवा पुऱ्याउने शिक्षक र कर्मचारीलाई दीर्घसेवा पदक, परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने विद्यार्थीहरूलाई छात्रवृत्ति एवं पुरस्कारसमेत प्रदान गरिएको सो समारोहको प्रारम्भमा शिक्षक ज्योति पाण्डेले स्वागत मन्तव्य र सहायक क्याम्पस प्रमुख राजेश्वर न्यौपानेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



**त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा नेपाल कमर्स क्याम्पसको ४६औं वार्षिक दिवसको उपलक्ष्यमा क्याम्पसका उत्कृष्ट विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै ।** *(तस्वीरः त्रि.वि.सूचना शाखा)*

# *क्याम्पस प्रमुखमा नियुक्ति*

*काठमाडौं । त्रिभुवन विश्वविद्यालयले प्रा.डा. देवबहादुर रोक्कालाई २०६६ असार १ गतेदेखि लागु हुने गरी चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत आयुर्वेद क्याम्पस, कीर्तिपुरको क्याम्पस प्रमुख पदमा नियुक्त गरेको छ ।*

*यसै गरी उप प्राध्यापक रामप्रसाद शर्मालाई २०६६ साउन ३० गतेदेखि लागु हुने गरी वन विज्ञान अध्ययन संस्थानअन्तर्गत हेटौंडा क्याम्पस, हेटौंडाको क्याम्पस प्रमुख पदमा नियुक्त गरेको छ ।*

# प्रमुखमा नियुक्ति

*काठमाडौं । त्रिभुवन विश्वविद्यालयले प्रशासक प्रेमकृष्ण चित्रकारलाई उपकुलपति कार्यालयको विशेष अधिकृतबाट हुने कामकाज समेत हेर्ने गरी सूचना शाखाको प्रमुख पदमा २०६६ साउन १८ गतेदेखि लागु हुने गरी नियुक्त गरेको छ ।*

*यसैगरी प्रशासक कृष्णलाल क्षेत्रीलाई त्रि.वि. छापाखानाको प्रमुख पदमा २०६६ साउन १८ गतेदेखि लागु हुने गरी नियुक्त गरेको छ । यसअघि उहाँ सूचना शाखाका प्रमुख हुनुहुन्थ्यो ।*

# सूचना

यस अनुसन्धान महाशाखाबाट त्रि.वि. का निवर्तमान उपकुलपति स्व. श्री सूर्यबहादुर शाक्यज्यूद्वारा लिखित Establishing and Development of Tribhuvan University (1955-1973) नामक पुनःमुद्रण गरिएको पुस्तकहरू त्रि.वि. पाठ्यक्रम विकास केन्द्रबाट बिक्री हुने भएको हुँदा इच्छुक केताहरूलाई सहर्ष जानकारी गराइन्छ ।

**त्रि.वि. अनुसन्धान महाशाखा**

# प्राध्यापक पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई त्रि.वि. सेवा आयोगको सिफारिशमा निम्नअनुसार नियुक्त गरेको छः**

**प्राध्यापकः**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. वैद्यनाथ झा | अंग्रेजी | रामस्वरुप रामसागर ब.क्याम्पस,जनकपुर | २०६६।१।१४ |
| श्री कृष्णप्रसाद शर्मा (अर्जेल) | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. चुडामणि जोशी | गणित | सिद्धनाथ विज्ञान क्याम्पस,महेन्द्रनगर | २०६५।१२।१७ |
| डा. बसन्तराज शर्मा | ,, | महेन्द्र बहुमुखी क्याम्पस,दाङ्ग | ,, |
| डा. मनराजा जोशी | ,, | अमृत क्याम्पस,ठमेल | ,, |
| डा. दलबहादुर अधिकारी | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर | ,, |
| डा. मुकुन्दप्रसाद गजुरेल | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | ,, |
| डा. टेकनाथ ढकाल | जनप्रशासन | जनप्रशासन क्याम्पस,जमल | २०६५।१२।३१ |
| डा. गोविन्दप्रसाद ढकाल | ,, | ,, | ,, |
| डा. राजिवविक्रम राणा | ,, | ,, | ,, |
| श्री शिवमणी उपाध्याय | ,, | ,, | ,, |
| डा. कृष्णराज श्रेष्ठ | रसायनशास्त्र | व्यावहारिक वि.तथा प्र.अ.केन्द्र,कीर्तिपुर | २०६५।१२।१४ |
| डा. ऋद्धिवीर सिंह | ,, | ,, | |
| डा. ध्रुवनारायण पाठक | ,, | बुटबल बहुमुखी क्याम्पस,बुटबल | ,, |
| डा. नारायणप्रसाद राई | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा. शिवराम वैद्य | ,, | ,, | ,, |
| डा. सुजितकुमार चटर्जी | ,, | महेन्द्र मोरङ्ग आदर्श ब.क्याम्पस,विराटनगर | ,, |
| डा. गोपालप्रसाद भण्डारी | नेपाली | महेन्द्र बहुमुखी क्याम्पस, धरान | २०६५।१२।१२ |
| डा. टंकप्रसाद न्यौपाने | ,, | ,, | ,, |
| डा. कुलप्रसाद कोईराला | ,, | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | ,, |
| डा. बद्री विशाल भट्टराई | ,, | ,, | ,, |
| डा. मोतीलाल पराजुली | ,, | नेपाली केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री केशव सुवेदी | ,, | ,, | ,, |
| डा. महादेव अवस्थी | ,, | ,, | ,, |
| डा. नारायणप्रसाद खनाल | ,, | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | ,, |
| डा. गणेशप्रसाद खराल | ,, | ,, | ,, |
| डा. रविलाल अधिकारी | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. पशुपतिनाथ तिमल्सेना | ,, | ,, | ,, |
| डा. जयराज पन्त | ,, | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | ,, |
| डा. मोहनप्रसाद तिमल्सिना | ,, | ,, | ,, |
| डा. जगदीशचन्द्र भण्डारी | ,, | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | ,, |
| श्री बासुदेव घिमिरे | ,, | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा. केशवराज खड्का | अर्थशास्त्र | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६५।१२।२८ |
| डा. गोविन्द नेपाल | ,, | ,, | ,, |
| डा. यादवप्रसाद शर्मा गौडेल | ,, | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | ,, |
| डा. नागेन्द्रलाल श्रीवास्तव | ,, | ,, | ,, |
| डा. विश्वनाथ तिवारी | ,, | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| डा. प्रमोदकुमार झा | ,, | स्नातकोत्तर क्याम्पस,विराटनगर | ,, |
| डा. घनश्यामलाल दास | ,, | महेन्द्र मोरङ्ग आदर्श ब.क्याम्पस,विराटनगर | ,, |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| डा. रामकृष्ण पौडेल | पुल्चोक क्याम्पस,पुल्चोक | प्राध्यापक | २०६६।४।३ |
| श्री रामचन्द्र शाह | महेन्द्र मोरङ्ग आदर्श ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६६।४।८ |
| डा. महेशप्रसाद खकुरेल | महाराजगंज क्याम्पस, महाराजगंज | प्राध्यापक | २०६६।४।१७ |
| श्री टिकाराम बास्तोला | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सह प्राध्यापक | २०६६।४।२१ |
| श्री इन्द्रकुमारी भण्डारी | रामपुर क्याम्पस,रामपुर | कामदार | २०६६।४।१३ |
| श्री अमिर तामाङ | प्रिन्सिपलको कार्यालय,त्रि.वि.कीर्तिपुर | सि.चौकिदार | २०६६।४।१३ |
| डा. उदयबहादुर अमात्य | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सह प्राध्यापक | २०६६।४।१७ |
| डा. सुरेश झा | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | सह प्राध्यापक | २०६६।४।३२ |

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ :

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्री अर्जुन पोखरेल | उप प्राध्यापक | थापाथली क्याम्पस,थापाथली | २०६१।९।२२ |
| श्री अनिरकुमार उपाध्याय | उप प्राध्यापक | थापाथली क्याम्पस,थापाथली | २०६५।२।२९ |
| डा. सुमनकुमारी शर्मा | सह प्राध्यापक | अर्थशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।१२।३१ |
| डा. विमला श्रेष्ठ | सह प्राध्यापक | महेन्द्र मोरंग आर्दश ब.क्याम्पस, विराटनगर | २०६६।४।१ |
| श्री राजेन्द्रप्रसाद शाह | सह प्राध्यापक | महेन्द्र मोरंग आर्दश ब.क्याम्पस, विराटनगर | २०६५।११।५ |
| श्रीमती मिथिला आचार्य | सह प्राध्यापक | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६६।३।१ |
| श्री विनु विष्ट | सह प्राध्यापक | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६६।४।१ |
| श्री विष्णु भट्टराई | सह प्राध्यापक | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६६।४।१ |
| श्रीमती समा रघुवंशी | उप प्राध्यापक | नेपाल कमर्श क्याम्पस, मीनभवन | २०६५।५।८ |
| डा. कविन्द्रमान पात्रवंश | सह प्राध्यापक | रशायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०६२।८।१२ |
| श्री रीता ढुंगेल | उप प्राध्यापक | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६५।४।४ |

# सेवाबाट हटाउने निर्णय

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को विभिन्न मितिमा बसेको बैठकले त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० बमोजिम विनासूचना लामो समयसम्म कार्यालयमा अनुपस्थित रहेका निम्न शिक्षक/कर्मचारीलाई अनुपस्थित रहेको मितिदेखि नै लागू हुने गरी सेवाबाट हटाउने निर्णय गरेको छः

| शिक्षक/कर्मचारीको नाम | सेवामा छंदाको निकाय | पद | अनुपस्थित मिति |
|---|---|---|---|
| श्री शिवराम बुढाथोकी | महाराजगञ्ज क्याम्पस, महाराजगञ्ज | म्यूजियम असिष्टेण्ट | २०६१।७।३ |
| श्री कृष्णप्रसाद वास्तोला | केन्द्रीय प्रविधि क्याम्पस,धरान | उपप्राध्यापक | २०६४।४।१ |
| श्री उत्तममान श्रेष्ठ | केन्द्रीय प्रविधि क्याम्पस,धरान | उपप्राध्यापक | २०५८।४।८ |

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
**E-mail** : tuinformation@yahoo.com
**Website** : www.tribhuvan-university.edu.np
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१